# रास्कोट नगरपालिका


# नगर कार्यपालिकाको कार्यालय

## आर.सि.पी. बजार, कालिकोट

## स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP Pilot तथा Transition/Initial Implementation) ) सम्बन्धी प्रस्तुतीकरण

मिति : २०८०/१०/२२

# रास्कोट नगरपालिकाको सामान्य जानकारी :




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / ५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

| विवरण | संख्या |
|---|---|
| कुल क्षेत्रफल | ५९.७३ वर्ग कि.मी. |
| जम्मा घरधुरी | ३१९४ |
| जम्मा जनसंख्या | १७४२५ |
| महिला | ८८८१ |
| पुरुष | ८५४४ |
| परिवारको औषत आकार | ५.४६ |
| वार्षिक जनसंख्या वृद्धिदर | ०.६६ |
| जनघनत्व | २९२ |
| साक्षरता दर प्रतिशतमा | ७२.०१ |
| आ.व. ०७८/०७९ मा LISA/FRA प्राप्ताङ्क | ६९.२५/५१ |
| आ.व. ०७९/०८० मा LISA/FRA प्राप्ताङ्क | ८५/६१.५ |

श्रोत : राष्ट्रिय जनगणाना २०७८ तथा MoFAGA प्रतिवेदन

# रास्कोट नगरपालिकाको सामान्य जानकारी :

## पालिकामा उपलब्ध विभिन्न योजना, नियमावली, कार्यविधि आदि

- आवधिक योजना
- वेरोजगार तथा गरिव घरधुरीको विवरण अद्यावधिक गर्ने प्रणाली
- नगरपालिका स्तरिय गुनासो सुनुवाई संयन्त्र
- सार्वजनिक खरिद नियमावली
- उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि
- स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन

पालिकाको जम्मा शाखाहरु : ९ वटा

जम्मा कर्मचारी: १२७

पूर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारी: १०

**LISP pilot को प्राविधिक सहयोगमा संस्थागत भएका विभिन्न नीतिगत र प्रक्रियागत व्यवस्था**

- स्थानीय पूर्वाधार विकास आयोजना व्यवस्थापन  निर्देशिका २०७९,
- मर्मत तथा संभार कोष संचालन कार्यविधि २०७९,
- अनुगमन तथा सुपरीवेक्षण चेक लिस्ट २०७९,
- वातावरणीय तथा सामाजिक जोखिम प्रभाव मूल्यांकन दिग्दर्शन २०७९,
- निर्माण पूर्व तथा पश्चात अभिमूखीकरण पुस्तिका (उपभोक्ता समितिलाई),
- गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि २०७९,
- टोल विकास संस्थाको गठन तथा परिचालन कार्यविधि २०७९

# स्थानीय स्तरमा कार्यक्रम प्रतिको बुझाई, अनुभव तथा उपलब्धीहरु

- स्थानीय समुदायबाट माग तथा प्राथमिकिकरण भई आएका तथा उत्पादन वृद्धि गर्ने **हरित पुर्नलाभ, उत्थानशिल तथा समावेशी विकासका आयोजनाहरुको योजना तर्जुमा गरि कार्यान्वयन** गरेको
- LISP Pilot को सिकाइले गर्दा साना साना आयोजना मर्मत संभार कोषबाट गर्ने गरेको र यस आ.व मा समग्र नगरपालिकालाई प्रभाव पार्ने रणनैतिक आयोज्नाहरुको तर्जुमा गरि जम्मा ३ वटा मात्र प्राथमिकिकरण गरिएको र आगामि वर्षमा पनि ठूला तथा धेरै सिमान्तकृत तथा बहु संख्यक घरधुरीलाई फाईदा दिने आयोजनाको प्राथमिकिकरण गर्ने योजना रहेको
- सह लगानीका आयोजनाहरु पालिकाको रणनितिक आयोजनाहरु रहेको र अधिकाशं वस्ती स्तर र वडा स्तरको प्राथमिकतामा परेको हुनुका साथै सिँचाइ कुलोको निमार्ण पश्चात हरियाली प्रर्वद्धन र जिविकोपार्जनमा पनि टेवा पुग्ने भएकाले उक्त आयोजनाहरुमा सहलगानी गरेको ।
- स्थानीय **गरीब, बेरोजगार महिला, दलित तथा पिछडिएका घरपरिवारलाई छनौट** गरी निर्माण कार्यमा संलग्न गर्ने गरेको
- स्थानीय स्तरमा **श्रममा आधारित रोजगारीको सृजना तथा श्रमका लागि जिल्ला बाहिरीने वा भारत तिर जानेको** संख्यामा कमि आएको
- अधिकतम **स्थानीय श्रोत साधन तथा सीपको प्रयोग तथा परिचालन** भईरहेको
- **लाभग्राहीको सुरक्षाका लागि सामुहीक दुर्घटना विमा, सुरक्षण सामाग्री** जस्तै : हेल्मेट, मास्क, गमबुट, चश्मा आदिको प्रयोगले कामदारको सुरक्षा तथा संरक्षणमा सहयोग गरेको
- कामको गुणस्तर तथा तोकिएको परिमाणको सुनिश्चितका लागि **हाते औजारको व्यवस्थापन, नियमित अनुगमन तथा चेक जाँचले निर्माण कार्य प्रभावकारी र दीगो** भएको
- उपभोक्ता समितिलाई आयोजनाको **कार्य व्यवस्थापन, परिचालन तथा समन्वयको भूमिका दिदाँ कार्य प्रभावकारी, मर्मत संभार तथा टिकाउ** भएको
- स्थानीय तहले नै **विद्युतिय प्रणालीबाट बाह्य निर्माण सामाग्रीको खरिद हुदाँ प्रभावकारी, पारदर्शि, तथा गुणस्तिरिय सामाग्रीको** प्रयोग भएको
- कामको परिमाणका आधारमा कामदारको **ज्याला रकम सिधै बैंक खातामा जम्मा गरिदिने हुदाँ कार्यक्रम प्रतिको विश्वास** बढेको

# क्रमश:........


- आयोजनाको **सामाजिक, वातावरणिय, आर्थिक पक्ष आदिको अध्ययन**का साथै विस्तृत **प्राविधिक सर्भे, डिजाईन ईस्टिमेट, गरि कार्यान्वयन** गर्ने गरिएको
- विभिन्न नीतिगत र प्रक्रियागत व्यवस्था मार्फत सिकाई तथा सुदृढ प्रक्रिया र प्रणालीलाई सँस्थागत गरिएको जस्तै : ***स्थानीय पूर्वाधार विकास आयोजना व्यवस्थापन निर्दैशिका २०७९, मर्मत तथा संभार कोष संचालन कार्यविधि २०७९, अनुगमन तथा सुपरीवेक्षण चेक लिस्ट २०७९, वातावरणीय तथा सामाजिक जोखिम प्रभाव मूल्यांकन दिग्दर्शन २०७९, निर्माण पूर्व तथा पश्चात अभिमूखीकरण पुस्तिका (उपभोक्ता समितिलाई), गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि २०७९, टोल विकास संस्थाको गठन तथा परिचालन कार्यविधि २०७९*** निर्माण गर्न पालिकाको क्षमता विकास, उत्प्रेरणा तथा सहजिकरणले **स्थानीय तहको संस्थागत विकासमा सहयोग** तथा LISP को सिकाईलाई पालिकाका सबै आयोजनामा लागू गर्नका लागि **स्थानीय पूर्वाधार विकास आयोजना कार्यविधिको संसोधन** गर्ने तयारी तथा यस कार्यक्रमको विधि प्रकृया तथा पद्धति जनताका साथै जनप्रतिनिधिले समेत मनपराएर अपनन्व लिएको हुनाले पालिकाको समग्र **स्थानीय** पूर्वाधार सेवा प्रवाहमा यसको विधिलाई निरन्तरता दिने छौ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई **स्थानीय पूर्वाधार विकास, योजना तर्जुमा, अनुगमनको क्षेत्रमा क्षमता विकास** भएको
- **निर्माण कार्य पूर्व तथा निर्माण पश्चात** उपभोक्ता तथा लाभग्राहीलाई तालिमका साथै मर्मत संभार योजना बनाई आयोजना कार्यान्वयन तथा मर्मत संभार गर्दा प्रभावकारी भएको
- स्थानीय स्तरमा **मर्मत संभार कोषको स्थापना गरि प्रभावकारी मर्मत संभारको कार्य** संचालन भई रहेको
- कार्यक्रमको प्रभावकारीता देखि स्थानीय तहबाट संचालन भएका **अन्य स्थानीय पूर्वाधार विकासका गतिविधिहरु पनि LISP मोडेलमा संचालन** भईरहेको
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धी पालिकाको वेव साईटमा **LISP पेज निर्माण** हुदाँ कार्यक्रमको गतिविधिहरुको सूचना तथा जानकारी संप्रेशणमा सहयोग पुगेको https://raskotmun.gov.np/lisp-program


# स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP Pilot) अन्तर्गत गत आ.व. २०७९/०८० मा कार्य सम्पन्न भएका आयोजनाहरु

| क्र.स. | आयोजनाको नाम, ठेगाना | लाभान्वित घरधुरी | भौतिक प्रगति | लगत अनुमान | वास्तविक खर्च रकम रु. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कुल खर्च रकम रु. | LISP को रु. | नगरपालिकाको रु. | |
| १ | कुलिवाड नसेरा सिँचाई कुलो निर्माण आयोजना, रास्कोट १ | २५५ | ७३० मि. नहर निर्माण, १६ हे. जमिन सिँचाई | ३,९८५,३२१।७९ | ३,७३८,२१८।५२ | २,८५०,१६८।५२ | ८८८,०५०।०० | |
| २ | आ.सि.पी.-गहुँतु देखि सेराचौर कृषि सडक स्तरउन्नोती आयोजना, रास्कोट ५ | २२३९ | १.५ कि.मी. सडक स्तोरउन्नती | ४,२००,००१।७८ | ४,१५२,९०५।०० | ३,३०४,१७४।०० | ८४८,७३१।०० | |
| ३ | डोग्रा खोला पहिरो नियन्त्रण आयोजना, रास्कोट ३ | ९५ | ४०५० वर्ग मि. जमीन संरक्षण | ५,२८९,६९४।१७ | ५,०८९,९१४।३९ | ४,०९४,९२९।३९ | ९९४,९८५।०० | |
| ४ | रिठा सिँचाई कुलो निर्माण आयोजना, रास्कोट ६ | २०० | ६३० मि. नहर निर्माण, ४५ हे. जमिन सिँचाई | ४,०५०,१०७।०१ | ३,८२६,५१३।०० | २,१५८,२७०।०० | १,६६८,२४३।०० | |
| ५ | बालुखेत - छिट्कना-सेरीज्यूला सिँचाई कुलो निर्माण आयोजना, रास्कोट ८ | १२० | ७३० मि. नहर निर्माण, १६ हे. जमिन सिँचाई | ५,०७६,००४।९७ | ४,७१६,१९४।०१ | २,८०१,८४२।५१ | १,९१४,३५१।५० | |
| ६ | राताढुङ्गा देखि बाखरकोट कृषि सडक स्तरउन्नोती आयोजना, रास्कोट ८ | ३०५ | १ कि.मी. सडक स्तोरउन्नती | ३,२६०,७९३।२८ | ३,२५८,४३४।०० | २,६५२,५३८।५८ | ६०५,८९५।४२ | |
| | **जम्मा** | **३२१४** | | **२५,८६१,९२३** | **२४,७८२,१७८।९२** | **१७,८६१,९२३** | **६,९२०,२५५।९२** | |


नोटः माथि उल्लेखित सबै आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका हुन ।


# LISP Pilot मा लाभग्राहीको लैंगिक सहभागिता (आ.व. २०७९/०८०)



# LISP Pilot मा लाभग्राहीको जातिगत तथा सिमान्तकृतको सहभागिता (आ.व. २०७९/०८०)



# आ. व. २०८०/०८१ म पालिकाको वित्तिय समानिकरण अनुदानको विवरण

- कुल प्राप्त वित्तिय समानिकरण अनुदान (रु) : ९,८२,००,०००
- वित्तिय समानिकरण अनुदान मध्ये चालु तथा अन्य विषयगत क्षेत्र (रु): ६,४९,००,०००
- वित्तिय समानिकरण अनुदान मध्ये पूजिगत (रु): ३,३३,००,०००
  - ✓ प्रशासनिक भवन निर्माण दायित्व : रु ५०,००,०००
    विभिन्न वडा कार्यालय निर्माण समपुरक : रु १,००,००,०००
  - ✓ विभिन्न आयोजनासँग समपुरक अनुदान : रु ५०,००,०००
  - ✓ फर्निचर तथा फिक्चर्स : रु १५,००,०००
  - ✓ सौय उर्जा भुक्तानी दिन बाँकी : रु. १०,००,०००
  - ✓ नगर अस्पताल गेट निर्माण : रु. ३,००,०००
  - ✓ स्थानिय पूर्वाधार सहयोग कार्यक्रम : रु १,००,००,०००

## स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP transition/Initial Implementation) अन्तर्गत यस आ.व. २०८०/०८१ मा छनौट भई कार्यान्वयन भई रहेका आयोजनाहरु

| क्र. सं. | आयोजनाको नाम र स्थान | आयोजनबाट लाभान्वित हुने घरधुरी | लागत साझेदारी | | | कैफियत (कार्यान्वयन पद्धति) (Modality) |
|---|---|---|---|---|---|---|
| | | | पालिकाको सह-लगानी | LISP सह-लगानी | जम्मा | |
| १ | बाखी सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- ७, ८, ९ | ५४८ | ३,०४०,८४५.१२ | ४,९१४,६२१.४४ | ७,९५५,४६६।५६ | उपभोक्ता समिति |
| २. | भिड सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- ४, ५, ६ | २८० | ३,३७८,०२४.११ | ४,५७१,३९५.०४ | ७,९४९,४१९।१५ | उपभोक्ता समिति |
| ३ | क्षेत्तडी सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- १, २, ३ | ४८३ | १,१९०,८८८.९४ | १,६१७,३५९.५२ | २,८०८,२४८।४६ | उपभोक्ता समिति |
| ४ | क्षेत्तडी सिँचाई कुलो निर्माण आयोजना (सप्लायर्स बाट निर्माण हुने केहि खण्ड), रास्कोट- १, २, ३ | | २,३९०,२४१.८३ | २,८९६,६२४.०० | ५,२८६,८६५।८३ | ठेक्का प्रक्रिया |
| | **जम्मा** | १३११ | १०,०००,०००.०० | १४,०००,०००.०० | २४,०००,००० | |

नोट : उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका आयोजनाहरुको डिजाईन ईस्टिमेट तयार भई आयोजनाको निर्माण कार्य करिब. ५५% प्रतिशत सम्पन्न भई सकेको तर ठेक्का मार्फत संचालन हुने आयोजना कार्यान्वयनको प्रक्रियामा रहेको ।

# स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP transition/Initial Implementation) अन्तर्गत संचालित आयोजनाहरुमा प्रत्यक्ष लाभग्राहीको विवरण

| क्र. सं. | आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी | | | सिमान्तकृत घरधुरी | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | % महिला | पुरुष | महिला | % सिमान्तकृत |
| १ | बाखी सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- ७, ८, ९ | ५५ | ५५ | ५० | २४ | १७ | ३७.२७ |
| २. | भिड सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- ४, ५, ६ | ५१ | ४३ | ४५.७४ | २२ | १८ | ४२.५५ |
| ३ | क्षेत्तडी सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- १, २, ३ | १९ | १३ | ४०.६२ | ८ | ७ | ४६.८७ |
| ४ | क्षेत्तडी सिँचाई कुलो निर्माण आयोजना (सप्लायर्स बाट निर्माण हुने केहि खण्ड), रास्कोट- १, २, ३ (कार्यान्वयन प्रक्रियामा रहेको) | | | | | | ठेक्का वाट कार्यान्वयन हुने |
| | **जम्मा** | १२५ | १११ | ४७.०३ | ५४ | ४२ | ४०.६७ |

**नोटः प्रत्यक्ष लाभग्राही भन्नाले श्रममा आधारित रोजगारी प्राप्त गरेका विपन्न तथा बेरोजगार घरपरिवारलाई जनाउदो छ ।**

# स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP transition/Initial Implementation) अन्तर्गत यस आ.व. मा संचालित आयोजनाहरुमा उपभोक्ता समितिका पदाधिकारीको अवस्था

| क्र. सं. | आयोजनाको नाम र स्थान | लैंगिक सहभागिता | | | सिमान्तकृत सहभागिता | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | % सिमान्तकृत | |
| १ | बाखी सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- ७, ८, ९ | ५ | ४ | ९ | ० | २ | २२.२२ | |
| २. | भिड सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- ४, ५, ६ | ३ | ४ | ७ | ० | ३ | ४२.८५ | |
| ३ | क्षेत्तडी सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- १, २, ३ | ४ | ३ | ७ | १ | ३ | ५७.१४ | |
| ४ | क्षेत्तडी सिँचाई कुलो निर्माण आयोजना (सप्लायर्स बाट निर्माण हुने केहि खण्ड), रास्कोट- १, २, ३ | | | | | | | ठेक्का वाट कार्यान्वयन हुने |
| | **जम्मा** | १२ | ११ | २३ | १ | ८ | ३९.१३ | |

## स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP transition/Initial Implementation) अन्र्तगत लाभान्वित हुने घरधुरीको जातिगत विश्लेषण

| क्र. सं. | आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी | | | | |
|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | बाहुन/क्षेत्री | अन्य | जम्मा |
| १ | बाखी सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- ७, ८, ९ | ३०१ | २ | २४२ | ० | ५४५ |
| २. | भिड सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- ४, ५, ६ | ६५ | ० | ९० | १२५ | २८० |
| ३ | क्षेत्तडी सिँचाई कुलो निर्माण आयोजना, रास्कोट- १, २, ३ | १६३ | ० | २७१ | ४९ | ४८३ |
| ४ | क्षेत्तडी सिँचाई कुलो निर्माण आयोजना (सप्लायर्स बाट निर्माण हुने केहि खण्ड), रास्कोट- १, २, ३ (कार्यान्वयन प्रक्रियामा रहेको) | | | | | ठेक्का वाट कार्यान्वयन हुने |
| | **जम्मा** | ५२९ | २ | ६०३ | १७४ | १३०८ |

*नोटः माथि उल्लेखित सिँचाई कुलो निर्माण हुदाँ १३०८ घरधुरीहरुले अधिकतम लाभलिई धान बालीको खेति गर्न सक्ने छन् भने यी कुलो निर्माण भए पश्चात करिब ३००० घरधुरीहरुले सिचाईको सुविधा लिई फलफूल, तरकारी तथा नगदेबाली लगाई सेवा लिन सक्नेछन् ।*

# कार्यक्रम कार्यान्वयनका असल अभ्यासहरु

- स्थानीय तहको योजना तर्जुमा निर्देशिकाले निर्देश गरे बमोजिम **अंक भारका आधारमा स्थानीय पूर्वाधार विकासका आयोजनाको छनौट तथा प्राथमिकिकरण** गर्ने गरेको जुन महिला, दलित, पिछडिएको वर्गले बस्ती स्तरबाट माग गरेको आयोजना कार्यान्वयन जस्तैः डोग्रा खोला पहिरो नियन्त्रणमा १०० प्रतिशत दलितको जमिन तथा घर संरक्षण र काममा सहभागि, गौरवका ३ वटा सिचाईबाट ५३१ सिमान्तकृत र ७७७ अन्य घरधुरी लाभान्वित हुने जसबाट **४१ प्रतिशत सिमान्तकृत समुदायले** फाईदा लिने
- **गरीब तथा विपन्न बेरोजगार घरपरिवारको छनौट तथा प्राथमिकिकरण** गरि निर्माण कार्यका लागि सिफारिस
- **विद्युतिय प्रणालीबाट बाह्य सामाग्रीको खरिद** तथा सामाग्रीको चेक जाँच
- **समावेशी उपभोक्ता समितिको गठन तथा परिचालन**
- कामदारको सुरक्षाका लागि **सामुहिक दुर्घटना बिमा, सुरक्षण सामाग्रीको** प्रयोग
- कामको परिमाण अनुसार **ज्याला रकम कामदारको खातामा सिधै भुक्तानी**
- निर्माण कार्यको गुणस्तरका लागि उपभोक्ता तथा कामदारलाई **निर्माण पूर्वको तालिम तथा अभिमूखिकरण** संचालन
- आयोजना **सूँचना पाटी, आयोजना किताब, हाजिरी** व्यवस्थापन
- आयोजनाको गुणस्तरका लागि **नियमति सुपरिवेक्षण तथा प्राविधिक अनुगमन फारामको प्रयोग** जस्ता विधिहरुको प्रयोग गरिएको
- पालिका स्तरीय **गुनासो सुनुवाई संयन्त्रको कार्यविधि स**मेत तयार गरि पूर्वाधार सेवा सहित सवै सेवाप्रवाहमा लागू गरिएको

# कार्यक्रम कार्यान्वयनका असल अभ्यासहरु

- LISP Pilot कार्यक्रम शुरु हुनु पहिला प्रत्येक आ.व मा लगभग २२ वटा भन्दा बढि र रु. १ लाख सम्मको योजनाहरु कार्यान्वयन हुने गर्थे तर गत आ.व देखि LISP Pilot को प्राविधिक सहयोगमा योजना प्राथमिकिकरण गरिएकोले १२ वटा आयोजनाहरु छनौट गरिएको थियो भने यस आ.व मा जम्मा ३ वटा ठूला तथा रणनितिक आयोजनाहरु छनौट गरि रु. ८० लाख भन्दा माथिका योजनाहरुको कार्यान्वयनमा केन्द्रित गरेको
- छनौट भएका सिँचाइका आयोजनाले ठूलो भौगोलिक क्षेत्र समेट्दै हरियाली प्रवद्धनमा पनि टेवा पुग्ने र कृषि सम्बन्धी कार्यक्रमहरु पनि सोही क्षेत्रमा कार्यान्वयन गर्दै लाभग्राहीहरुको जिविकोपार्जनमा सहयोग पुर्‍याउने ।
- पाइलट चरणमा पाइलटको प्राविधिक सहायताबाट प्रावधिक कर्मचारीहरुको क्षमता विकासमा सहयोग भएकोले चालु आ.व. मा प्रावधिक कर्मचारीहरुले नै कार्यान्वयनमा नेतृत्व गरेको ।
- पाइलट चरणको सिकाइबाट पालिकाको समग्र पूर्वाधार विकासको लागि यस्तै विधिको प्रयाग गर्नको लागि आवश्यक पर्ने नीति तथा नियमको व्यवस्था गरिएको
- आयोजनाहरुको मर्मत संभार गर्नु पर्ने अवस्था तथा समुदायबाट मर्मत संभारका लागि योजनावद्ध माग भई आएका आधारमा मर्मत संभार कोष संचालन कार्यविधिले निर्देश गरे बमोजिम **मर्मत संभार कोषको प्रयोग गरि गत आ.व. मा १५ वटा आयोजनाहरु मर्मत संभार गरिएको र रु. ८८ लाख खर्च भएको**
- सम्पूर्ण स्थानीय पूर्वाधार विकास निर्माण आयोजनाको समग्र कार्यान्वयनमा नगरपालिकालाई LISP Transition/Initial Phase TA team ले **सल्लाहकारको भूमिका निर्वाह गरि प्राबिधिक सहयोग** उपलब्ध गर्दै आएको
- सार्वजनिक वित्त व्यवस्थाका लागि **सूत्र प्रणालीबाट भूक्तानी तथा खर्चका साथै लेखा परिक्षण** गर्ने गरिएको

# पालिकाले महशुस गरेका कार्यक्रम कार्यान्वयनको प्रभाव

- विगतका आ.व. हरुमा अव्यवस्थित रुपमा सानातिना भौतिक पूर्वाधारको निर्माण गरिन्थ्यो, जहाँ रोजगारी, सामाजिक तथा वातावरणिय पक्ष, उत्पादन तथा उत्थानशिल आदिको ख्याल गरिदैनथ्यो तर हाल गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, खाद्यन्न उत्पादन तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउने, छिटो प्रतिफल प्राप्त हुने, उत्थानशिल तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने आयोजनाको छनौट र कार्यान्वयन भएको
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्देश गरे बमोजिम आयोजना छनौट प्रक्रियाको शुरुवात यसै कार्यक्रमको सहयोग पछि मात्र भएको जसले गर्दा टुक्रे आयोजनाहरु छनौट गर्ने प्रक्रियाको करीब अन्त्य भएको
- योजनाको उपभोक्ता समितिमा पनि कामदारहरु मध्येबाट नै बन्ने भएकाले समिति गठनको बखतमा पनि शान्त र सौहाद्र वातावरणमा हुने गरेको
- महिला, दलित, जनजाति, पिछडिएको क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी आयोजनाहरुको छनौट तथा कार्यान्वयन गरिएको
- जलवायु परिवर्तनको असर न्यूनिकरण तथा वातावरणिय अनुकुलनका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिएको
- सजिलै लागत सहभागिता जुट्ने, स्थानीय स्रोत, साधन र सिपहरुको प्रयोग तथा अधिकतम परिचालन हुने आयोजना छनौट तथा कार्यान्वयन भएको
- स्थानीय स्तरमै श्रममा आधारित रोजगारीका सृजनाले कामको लागि अन्यत्र जाने क्रमको कमि तथा सामाजिक संरक्षणको प्रत्याभूति भएको
- विकास निर्माण कार्यमा महिला, सिमान्तकृत समुदायको सहभागिता भएको साथै उपभोक्ता समितिहरुमा महिलाको सहभागिता बृद्धि भएको

# क्रमश.....

- मर्मत सम्भार कोषको स्थापना, व्यवस्थापन तथा परिचालनको माध्यमबाट आयोजनाको दिगोपना र निरन्तरता गरिएको
- विस्तृत सर्भे, डिजाइन, इस्टिमेट नगरपालिकाले गर्ने अन्य स्थानीय पूर्वाधार विकासका आयोजनाहरुमा पनि अनुशरण गर्ने गरेको
- आयोजनाहरुको अनुगमन गर्दा अनुगमन चेकलिष्ट प्रयोग गर्ने गरेको
- आयोजनाको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक लेखा परीक्षण गर्दा जसले स्थानीय सरकारको जवाफदेहितालाई बृद्धि गरेको छ
- गुनासो तथा सुझाव व्यवस्थापन संयन्त्रको गठन भई गुनासो तथा सुझाव लिने कार्यको शुरुवात गरिएको
- कार्यक्रम कार्यान्वयले आर्थिक तथा प्राविधिक सुशासन ल्याउनका साथै व्यवस्थित डकुमेन्टेशनले LISA /FRA को अंक बृद्धि गर्न सहयोग गरेको
- LISP Pilot and LISP Initial Implementation को प्रभावकारीताबारे नगरपालिकाले सार्वजनिक प्रस्तुती तथा बैठकमा अनुभव साट्ने गरेको


# आगामी कार्य दिशा तथा योजना


- तर्जुमा गरिएका नीति, नियम र कार्यविधिको अक्षरस पालना गराउन जनप्रतिनिधीहरुलाई उत्प्रेरित गर्ने तथा क्षमता अभिवृद्धि गर्ने
- नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई उत्थानशिलता, हरित पुनर्लाभ तथा समावेशी विकास सम्बन्धी अवधारणाका सन्दर्भमा क्षमता अभिवृद्धि गर्ने
- स्थानीय पूर्वाधार विकासका कार्यक्रमको एक रुपता तथा दोहोरापन घटाउन विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य तथा छलफल गर्ने
- कामदारको सुरक्षा तथा संरक्षणका लागि पालिकाबाट सुरक्षणका सामाग्री, सूचना तथा जानकारीका साथै गुनासोको आवश्यक प्रवन्ध सुनिश्चितता गर्ने
- लैंगिक तथा सिमान्तकृत सहभागिता वृद्धिका लागि वकालत गर्ने
- स्थानीय पूर्वाधार विकास निर्माण कार्यको अनुगमन तथा मूल्यांकनको पाटोलाई बृद्धि गर्ने


# कार्यक्रम कार्यान्वयनमा हाम्रो अनुरोध


- यो कार्यक्रम पालिका कै एक पथ प्रर्दशक कार्यक्रमको रुपमा स्थापित भएकोले यसको निरन्तरता हुनु पर्दछ
- सह-लगानीको आकार स्थानीय तहले संघिय सरकारबाट प्राप्त गर्ने शुत्रका आधार, स्थानीय तहको आवश्कता र खर्च गर्न सक्ने क्षमता वृद्धि गरिदिए प्रभावकारी हुने थियो
- सिकाइ तथा राम्रा अभ्यासहरुको आदान प्रदानका लागि अन्तरपालिका स्तरीय भ्रमण भए अझ प्रभावकारी हुने
- पालिकाको क्षमता विकास तथा कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहायताको निरन्तरता

# नमूना कागजातहरुको विवरण



















# गत आ.व. २०७९/०८० मा संचालित गतिविधिहरुको फोटोहरु

## १. डोग्रा खोला पहिरो नियन्त्रण आयोजना, रास्कोट ३, कालिकोट








# गत आ.व. २०७९/०८० मा संचालित गतिविधिहरुको फोटोहरु

## २. कुलिबाड नहसेरा सिँचाई आयोजना, रास्कोट १, कालिकोट


















# गत आ.व. २०७९/०८० मा संचालित गतिविधिहरुको फोटोहरु

## ३. रिठा कुलो सिँचाई आयोजना, रास्कोट ६, कालिकोट
















# गत आ.व. २०७९/०८० मा संचालित गतिविधिहरुको फोटोहरु

## ४. बालुखेत छिटकना सेरिज्युला सिँचाई कुलो आयोजना, रास्कोट ८, कालिकोट








# गत आ.व. २०७९/०८० मा संचालित गतिविधिहरुको फोटोहरु

## ५. आर.सि.पि. गहँतु सेराचौर कृषि सडक स्तरोन्नति आयोजना, रास्कोट ५, कालिकोट








# गत आ.व. २०७९/०८० मा संचालित गतिविधिहरुको फोटोहरु

## ६. राताढुंगा बाखरकोट कृषि सडक स्तरोन्नति आयोजना, रास्कोट ८, कालिकोट










# यस आ.व. २०८०/०८१ मा संचालित आयोजनाहरुको फोटोहरु





**Work On progress- Bakhri Irrigation Scheme**

# यस आ.व. २०८०/०८१ मा संचालित आयोजनाहरुको फोटोहरु





**Work On progress- Bhid Irrigation Scheme**

# यस आ.व. २०८०/०८१ मा संचालित आयोजनाहरुको फोटोहरु






**Work On progress- Chettadi  Irrigation Scheme (UC Modality)**

तपाईहरुको अमूल्य सल्लाह, सुझाब, जिज्ञासा तथा प्रश्नको लागि.............???

तपाईको सक्रिय सहभागिताको लागि धन्यवाद !